सुनापति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः क,रामेछाप,प्रदेश नं.३,नेपाल संख्या १.मितिः २०७५/११/०५

**भाग-२**

**सुनापति गाउँपालिका**

**हिलेदेवी,रामेछाप**

**प्रदेश नं.३**

**सुनापति गाउँसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्बत २०७५ सालको ऐन/नियमावली/कार्यविधी/निर्देशिका नं.१६**

## स्वास्थ्य राहत तथा यातायात खर्च प्रदान सम्बन्धि कार्यविधि (प्रथम संशोधन) २०७५

सुनापती गाउपालिकामा रहेका असाध्य तथा दिर्घरोगीहरुको लागी सहज स्वास्थ्य उपचार गर्न र यस्ता रोग लागेका व्यक्तिहरुलाई राहत तथा यातायात खर्च प्रदान गर्न स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाको मिति २०७४।०८।२९ बाट स्वीकृत यो कार्यविधीमा कार्यपालिकाको मिति २०७५।११।०२ को निर्णयानुसार प्रथम संशोधन सहित यो कार्यविधी जारी गरिएको छ

**१.उद्धेश्य** : गाउपालिका क्षेत्रमा रहेका असाध्य तथा दिर्घ रोगीलाई राहत प्रदान गर्ने ।

**२.परिभाषा** :क) "राहत प्रदान" भन्नाले मान्यता प्राप्त संस्थाबाट असाध्य तथा दिर्घ रोग लागेका भनि उल्लेख गरिएका विरामीहरुलाई प्रदान गर्ने राहत तथा यातायात खर्च रकम सम्झनु पर्छ ।

ख) "दिर्घरोगी तथा असाध्य रोग" भन्नाले निको नहुने तथा उपचार पद्धति मँहगो र जटिल प्रकृतिका देहायमा उल्लेखित रोग सम्झनपर्छ

(ग) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले सुनापति गाउँकार्यपालिका सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(छ) "गाउँपालिका" भन्नाले सुनापति गाउँपालिका सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले गाउँ सभाको सदस्य सम्झनु पर्छ । सो शब्दले गाउँ कार्यपालिकाको सदस्य समेतलाई जनाउनेछ ।

(ञ) "सभा" भन्नाले सुनापति गाउँसभालाई सम्झनुपर्छ ।

**३. राहत प्रदान गर्न सकिने दिर्घ तथा असाध्य रोगहरु :**

क) सबै प्रकारका क्यान्सर ।
ख) मृगौला रोग ।
ग) मुटु रोग भई दिर्घ समस्या भएको ।
घ) स्पाइनल समस्या
ङ)अल्जाइमर्स
च)पार्किन्सन्स
ङ)अन्य जटिल प्रकृतिका रोगहरु

**४.राहत वितरण किसिम :** गाउँसभाबाट निर्णय भएबमोजिम एक पटकको लागि एक विरामी बढीमा रु २५,०००(पच्चीस हजार ) सम्म नगदमा राहत तथा यातायात खर्च स्वरुप प्रदान गर्ने ।

**५. राहत प्राप्त गर्नको लागि आवश्यक कागज पत्र :**

क) नेपाल सरकार बाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा सम्बन्धित विरामीले चेकजाँच गरिएको कागजपत्र र अस्पतालको सिफारिस पत्र

ख) वडा कार्यालयको सिफारिस पत्र

ग) नागरिकताको प्रमाण पत्र

घ) लिखित निवेदन

ङ) विरामी स्वयं उपस्थित हुन नसक्ने भएमा विरामीको मञ्जुरीनामा साथै उक्त मञ्जुरीनामा वडाध्यक्षबाट प्रमाणित हुनुपर्ने ।

च) मञ्जुरी नामा लिने र दिनेको नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

**६) छानबिन तथा अन्तिम निर्णय गर्ने अधिकार**:- गाउँपालिकाका निम्न पदाधिकारी रहने समितिमा निहित रहनेछ ।

१. गाउँपालिका अध्यक्षसंयोजक

२. प्रमुख प्रशाकिय अधिकृतसदस्य

३. स्वास्थ्य शाखा प्रमुख तथा प्रतिनिधिसदस्य सचिव

**७). लक्षित समुह र वर्ग** : सबै प्रमाणित भएका दिर्घरोगीहरु ।

८). सुनापति गाउँकार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखाले अभिलेख व्यवस्थापन गर्नेछ ।

आज्ञाले,

नामः सुनिल निरौला

प्रमुख प्रशासकीय अधिकृत